वर्ष : २१, अंक : २, काठमाडौं, २०८२ बैशाख १२ गते शुक्रबार, 25 April, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# ‘नागरिक जनमत पार्टी’ १७ गते घोषणा हुने

**एकीकृत पार्टीका कार्यकारी अध्यक्ष डा.सीके राउत, संरक्षक रेशमलाल चौधरी र सहअध्यक्ष रञ्जिता श्रेष्ठ रहने छन् । नाजपाको चुनावचिन्ह ‘ढकिया’ ।**

**मधेशवाणी डेस्क**

काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीबीच एकीकरणको सम्पूर्ण तयारी पूरा भएको छ । जनमत र नाउपाबीच एकीकरण भई नयाँ गठन हुने दलको नाम ‘नागरिक जनमत पार्टी’ रहेको दुवै पार्टीका नेताहरुले बताउँदै आएका छन् । जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले पार्टीको नाम, नेतृत्व, चुनाव चिन्ह लगायत सम्पूर्ण विधि प्रक्रिया पूरा भइसकेको *मधेशवाणी*सँगको अन्तर्वार्तामा बताएका छन् ।

उपाध्यक्ष खानले एकताको सबै तयारी पुरा भएको र बैशाख १७ गते दुई पार्टीबिच एकता घोषणा हुने बताएका छन् । उनले नेपालकै राजनीतिमा दूरगामी प्रभाव पार्ने र इतिहासमै नभएको अभूतपूर्व मिलन र एकता दुवै पार्टीको बिचमा हुन लागेको बताए । ती दुवै पार्टीका बिचमा एकताका लागि करिब डेढ दुई वर्षदेखि प्रयास भइरहेको थियो ।



डा.सीके राउत



रञ्जिता श्रेष्ठ



रेशमलाल चौधरी

यसअघि दुई पार्टीका बिचमा कार्यगत एकताका लागि मोर्चा समेत बनेको थियो । अन्ततः दुवै पार्टीको बिचमा एकता हुने निश्चित भएको छ । नयाँ बन्ने पार्टीको कार्यकारी अध्यक्षमा डा.सिके राउत रहनेछन् भने संरक्षकमा रेशम चौधरी र सहअध्यक्षमा रञ्जिता श्रेष्ठ रहने सहमति भएको उनले बताए । केन्द्रीय सदस्यहरू आधा-आधा राख्ने सहमति भएको जनाइएको छ । उनका अनुसार पार्टीको नाम ‘जनमत पार्टी’ रहनेछ भने चुनाव चिन्ह ‘ढकिया’ हुनेछ ।

यता, जनमतका अध्यक्ष डा.राउतले आफ्नो फेसबुकमा लेखेका छन्, ‘धेरै पार्टी/शक्तिहरूको अहिले निद्रा उडेको छ । किनकि आन्दोलन र जनताको बिचबाट आएको, जनताको पक्षमा काम गर्ने, एउटा नयाँ शक्तिशाली पार्टी नेपालमा उदय हुने क्रममा छ ।’ तर विगत सात आठ महिनादेखि शक्तिशाली भएको देख्न नचाहने तत्त्वले जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई तहसनहस गर्न लागेको उनले आरोप लगाएका छन् । त्यसका लागि विभिन्न शक्ति लागि परेको उनको आरोप छ ।

उनले भनेका छन्, ‘परिवारमा झगडा लगाएर फुट ल्याएर होस् कि पार्टी भित्रैका पदाधिकारीहरूमाथि पैसा, गाडी, साधन स्रोत प्रयोग गरेर होस्, कि मिडियामा नानाभाँती समाचार लेखाएर बदनाम गर्दै चरित्र हत्या गर्दै निरूत्साहित गर्न होस्, कि कहिले धर्म त कहिले जातिको नाममा आक्रमण गराएर होस्, कि पार्टी फुटाइदिने षड्यन्त्र होस्, कि केन्द्रीय सदस्य र सांसदहरू नै खरिद गरिदिने प्रपञ्च होस्, कि मलाई ज्यान मार्ने वा रेशमजीलाई पुनः पक्राउ गराइदिने धम्की होस्, कुनै पनि कसर बाँकी राखेका छैनन् ।’ तर आफूहरू नआत्तिएको बताउँदै उनले जनताको भावना र आकाङ्क्षा अनुसार पार्टी एकता हुन गइरहेको बताएका छन् ।

यस्तै, नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले सामाजिक सञ्जालमा भनेकी छन्, ‘देश बदल्ने सपना बोकेर हामी सबैले राजनीति रोज्यौं। केही सपना अधुरा छन्, केही पूरा हुँदैछन्, र केही सपनाहरू अहिले झन सँगठित हुँदैछन् । आज म, सुदूरपश्चिमबाट प्रत्यक्ष निर्वाचित एक महिला जनप्रतिनिधिका रूपमा, र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्षको हैसियतले, गर्वका साथ भन्न चाहन्छु–हामी नयाँ राजनीतिक संस्कार, आत्मसम्मान र समर्पणको बाटोमा छौं ।’

उनले नागरिक उन्मुक्ति र जनमत दुवै जनआन्दोलन र जनभावनाबाट जन्मिएका पार्टीहरू रहेको जिकिर गर्दै एकता भएर जनताप्रति अझ जिम्मेवार बन्ने संकल्प गरेकी छन् । ‘यो यात्रा केवल मिलनको होइन–पद, प्रतिष्ठा र स्वार्थभन्दा माथि उठेर परिवर्तनलाई अंगाल्ने साहसको यात्रा हो,’ उनले भनेकी छन् ।

उनले भनेकी छन्, ‘संगठन एक हुने क्रममा स्वाभाविक रूपमा सबै एउटै भूमिकामा रहने सम्भावना हुँदैन। कसैको पद माथि हुन्छ, कसैको तल। म आफैं पार्टीकी अध्यक्ष हुँदा पनि अर्कै रूपमा

*बाँकी अन्तिम पृष्ठमा*

## आतंकवादका विरूद्ध सम्पूर्ण विश्वजगत् एक भई लड्नुपर्ने आजको आवश्यकता : ठाकुर

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले छिमेकी मित्रराष्ट्र भारतको जम्मू-कश्मीरस्थित पहलगाममा भएको आतंककारी आक्रमणको घोर निन्दा तथा भर्त्सना गरेका छन् ।

अध्यक्ष ठाकुरले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै सो आक्रमणको निन्दा गर्दै त्यसका विरुद्ध सम्पूर्ण विश्वजगत् एक भई लड्नुपर्ने आजको आवश्यकता रहेको बताएका हुन् ।



‘मंगलबार जम्मू-कश्मीरको पहलगाममा भएको आतंककारी आक्रमणमा एक जना बुटवल निवासी नेपाली नागरिक सुदीप न्यौपानेसहित २७ जना पर्यटकहरुको मृत्यु हुनुको साथै केही गम्भीर घाइते भएकोमा यस आतंककारी आक्रमणको लोसपा नेपाल घोर निन्दा तथा भर्त्सना गर्दछ’, उनले विज्ञप्तिमा भनेका छन् ।

मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो सम्वेदना प्रकट गर्दै अध्यक्ष ठाकुरले घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेका छन् ।

आतंकवादको कुनै धर्म, राष्ट्रियता र स्वीकार्यता हुँदैन भन्दै उनले यसको विरुद्ध सम्पूर्ण विश्वजगत् एक भई लड्नुपर्ने आजको आवश्यकता रहेको धारणा राखेका हुन् ।

## पहलगामको आतंकवादी आक्रमण घोर निन्दनीय : त्रिपाठी

काठमाडौं । जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले भारतको जम्मु काश्मीरको पहलगाममा भएको आतंकवादी आक्रमणको घोर निन्दा गरेका छन् ।

पूर्वमन्त्रीसमेत रहेका जप्रपाका अध्यक्ष त्रिपाठीले बुधबार सामाजिक सञ्जाल फेसबुकमार्फत् निन्दा गरेका हुन् ।



त्रिपाठीले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, ‘भारतको जम्मु काश्मिरको पहलगाममा भएको आतंकवादी आक्रमणको जनता प्रगतिशील पार्टी नेपाल घोर निन्दा गर्दछ ।’

जम्मु कश्मीरको पहलगामा मंगलबार आतंककारीले आक्रमण गर्दा एक नेपाली नागरिकसहित २७ जनाको मृत्यु भएको छ भने १७ जना घाइते भएका छन् ।

## युएईमा नेपाली श्रमिकलाई २४सै घण्टा बीमा योजना लागु हुनुपर्ने श्रममन्त्रीको जोड

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले संयुक्त अरब इमिरेट्सका उपप्रधानमन्त्री एवम परराष्ट्रमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाहयानबीच भएको द्विपक्षीय छलफलमा नेपाली श्रमिकको पक्षमा दीर्घकालिन हित हुने केही महत्वपूर्ण बिषयहरु अगाडि सारेका छन् ।

बुधवार भएको उक्त द्विपक्षीय छलफलमा श्रम, रोजगादर तथा सामाजिक सुरक्षा मन्त्रालयको तर्फबाट मन्त्री भण्डारीले नेपाली महिला घरेलु कामदार युएई लैजाने सम्बन्धमा एक पाइलट परियोजना अगाडि बढाउने बिषयमा गहन



छलफल भएको बताए ।

त्यस्तै, युएई पच्छिलो समय अध्ययन गन्तव्यको रुपमा पनि विकास भएको भन्दै नेपाली विदार्थीहरुलाई छात्रवृती उपलब्ध गराउन, दक्षजनशक्ति उत्पादनका लागि युएई सरकारको सहयोगमा तालिम केन्द्र निर्माणका लागि भौतिक पूर्वाधार सहित आवश्यक तालिक उपकरण उपलब्ध गराई दिनका लागि आग्रह गरेका छन् ।

मन्त्री भण्डारीका अनुसार, युएईमा कार्यरत नेपाली कामदारहरुको हकमा २४ घण्टा काम गर्दा बीमा लागु हुनु पर्ने प्रस्ताव अगाडि सारेका छन । ।

त्यसैगरी, नेपाली कामदारले पारिश्रमिक रेमिट्यान्स मार्फत रकम नेपाल पठाउँदा लाग्ने चर्को शुल्क कम गर्न पनि आग्रह गरेका छन् ।

युएईमा रहेका कम्पनीहरुले कर्पोरेट सामाजिक उतरदायित्व अन्तर्गत नेपाली कामदारहरुका लागि स्वास्थ्य, शिक्षा विकासका लागि खर्च गर्नुपर्ने व्यवस्थाका लागि अनुरोध गरेको उनले बताए ।

नेपाल राष्ट्र बैंक
असतोमा सद्गमय।

### वित्तीय चेतनाको लागि नेपाल राष्ट्र बैंकको अनुरोध

- Online Betting, क्रिप्टोकरेन्सी वा त्यस्तै प्रकारका गैरकानूनी उपकरणमा लगानी नगरौं, यो गैरकानूनी कार्य भएकोले त्यस्ता कारोबार गर्नेलाई कानूनी कारबाही हुन्छ ।
- इन्टरनेट बैंकिङ्ग, मोबाइल बैंकिङ्ग, मोबाइकल वालेट, बैंक वा वित्तीय संस्थामा रजिष्टर गरिएका इमेलका साथै आफ्ना उपकरणमा राखिएका पासवर्ड/पिनकोड आदि समय-समयमा परिवर्तन गर्ने गरौं ।
- फेसबुक वा अन्य सामाजिक सञ्जालमार्फत चिनजान र सम्बन्ध स्थापित गरी उपहार पठाइदिने बहानामा तपाइँको व्यक्तिगत विवरण, बैंक खाता नम्बर माग्ने, छिटो पैसा कमाउने तरिका सिकाउने जस्ता लिङ्क, म्यासेज एवम् विज्ञापनहरु ठगीको उद्देश्यले सञ्चालन गरिएका हुन्, त्यसमा विश्वास नगरौं ।
- तपाइँलाई चिठ्ठा परेको वा उपहार पाउनु हुने भयो भन्ने लोभलालच देखाई फोन गर्ने वा मेसेज पठाइ करवापतको रकम कुनै खातामा पठाउन लगाउने, कुनै लिङ्गमा लाइक गर्न वा सेयर गर्न लगाई ठगी गर्ने वित्तीय ठगहरुसँग सतर्क रहौं, नकिनेको चिठ्ठा कहिले पनि पर्दैन ।

## सम्पादकीय

# मधेशको शैक्षिकस्तरमा ध्यान देऊ

मधेश प्रदेशको शैक्षिकस्तर दिनप्रति दिन दयनीय अवस्थाबाट गुज्रिँदै गएको छ । आठ जिल्लाको मधेश प्रदेश हरेक दृष्टिकोणले सुगम भएपनि यहाँको शिक्षा अत्यन्त कमजोर रहेको छ । सरकारले प्रत्येक वर्ष शिक्षा क्षेत्रमा ठूलो लगानी गर्छ तर परिणाम शून्यझैं हुन्छ । सरकारको पूर्ण स्वामित्वमा रहेका सामुदायिक विद्यालयमा अभिभावकहरु आफ्नो बालबच्चालाई पढाउन चाहँदैनन् । अलि हुनेखाने वर्गले आफ्नो बालबच्चालाई निजी विद्यालयमा पढाउँछन् तर विपन्न वर्गका बच्चाहरु सरकारी विद्यालयमा पढ्छन् । हरेक वर्ष सरकारले विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्दै आएको छ । जसमा प्रधानमन्त्री, अन्य मन्त्री, मुख्यमन्त्री, सांसददेखि विभिन्न अभियन्ताले विद्यालय बाहिर रहेका बालबालिकाको अभिभावकत्व ग्रहण गरेर स्कुलमा भर्ना गराएका थिए । सरकारले यसवर्ष पनि अभिभावत्क ग्रहण गरेका बालबालिकाको पठनपाठनमा सहयोगका लागि निरन्तरता दिन आह्वान गरेको छ । त्यस्तै अन्य बालबालिकालाई भर्ना गराउन सहयोगको अपिल गरिएको हो । अझै ६० हजारभन्दा बढी विद्यालय उमेर समूहमा बालबालिका कक्षाकोठा बाहिर रहेको आँकडा छ ।

अभियानमा संस्थागत र सामुदायिक दुबै तर्फ करीब १० लाख विद्यार्थी विद्यालयमा भर्ना गरिनेछ । विद्यालय जान सक्ने उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गराउने उद्देश्यका साथ हरेक वर्ष सरकारले भर्ना अभियान सञ्चालन गर्दै आएको छ ।  मधेश प्रदेशमा विद्यालय जाने उमेर समूहका अधिकांश बालबालिका विद्यालय बाहिर रहेको सरकारी तथ्यांक छ । अभिभावकमा चेतनाको कमीका कारण पनि विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय बाहिर रहेका छन् । यसका लागि मधेश प्रदेश सरकारले विशेष किसिमको अभियान नै चलाउने भएको छ । हरेक स्थानीय तहमा जनप्रतिनिधिले विद्यालय बाहिर रहेका बालबालिकालाई खोजी भर्ना गराउने मधेश प्रदेश सरकारको तयारी रहेको छ । गत वर्षको तथ्यांकले मधेश प्रदेशमा प्राथमिक तहका ४ दशमलव २ प्रतिशत विद्यार्थी विद्यालय बाहिर देखाएको थियो ।  पछिल्लो समय भर्ना भइसकेका विद्यार्थी पनि विद्यालयमा टिक्न नसकेका धेरै उदाहरण छन् । गरिबीका कारण बाल श्रम गर्नुपर्ने, आफूभन्दा साना भाइबहिनी हेरेर अभिभावकलाई काममा पठाउनु पर्ने लगायत कारण पनि बीचमै विद्यालय छाड्नेको संख्या उच्च छ । सरकारले सुरू गरेको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमले नियन्त्रणका लागि केही सहयोग पुग्ने सरकारको अपेक्षा छ । अझै पनि निम्न माध्यमिक तहमा ३७ प्रतिशत र माध्यमिक तहमा ४३ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको तथ्यांकले देखाएको थियो । भर्नाभन्दा पनि भर्ना भएकालाई विद्यालयमा टिकाई राख्नु बढी चुनौतीपूर्ण छ ।

विगतमा मधेश प्रदेशको सरकारले ल्याएका विभिन्न कार्यक्रममध्ये चर्चित 'बेटी पढाउ, बेटी बचाउ' नारामा सीमित बन्दै गएको छ । यसै अभियानअन्तर्गत बालिकाको अभिभावकत्व ग्रहण गर्दै प्रदेश सरकारले छोरीहरूको शिक्षाका लागि ल्याएको विशेष योजनामा सबैलाई सहयोग गर्न अपील गरेका थिए । उनले दलित बालिकाका लागि सरकारले शिक्षा विमा, दिवा खाजाजस्ता योजना शीघ्र ल्याउन गृहकार्य गरिराखेको बताएका थिए । तर हालसम्म पूर्णरुपमा त्यस्ता कार्यक्रम ल्याइएका छैनन् । वर्तमान जनमत पार्टी नेतृत्वको मधेश सरकारले मधेश शिक्षा क्षेत्रलाई उकास्न गम्भीरताका साथ लाग्नुपर्ने आवश्यकता रहेको छ ।

# आखिर किन चाहियो हामीलाई 'समग्र मधेश' ?

**समग्र मधेश एक प्रदेशको आज पनि कुनै विकल्प छैन । मधेशका मैथिली, भोजपुरी, मुसलमान, थारु र अवधी समुदाय एक समानले शासकवर्गद्वारा शोषित छन् । मधेशमा कोही मैथिल त कोहि भोजपुरी भएर उ शोषित भएको होइन, बरु मधेशी भएर शोषित भएका हुन् ।**



पशुपतिनाथ झा मधेशी

प्रशासन, नीति निर्माण र सरकारी कामकाजमा मधेशीहरुको प्रतिनिधित्व आज पनि अत्यन्तै कम छ । सरकारी सेवामा जो पनि प्रवेश भएका छन् तिनीहरुमा अधिकतम् तल्लो दर्जाका कर्मचारी हुन् । मधेशीहरु सी.डि.ओ., एस.पी. र सचिव पदमा पुगेको उदाहरण अहिलेसम्म न्यून छन् । मानौं मधेशीहरु सो पदका लागि उपयुक्त नै होइनन् । अर्को तर्फ जनसंख्याको आधारमा संसदीय क्षेत्र निर्धारण नहुनुले राजनीतिक रुपमा मधेश कमजोर बनेको छ । बजेट पनि त्यसै अनुसार वितरण हुने गरेको छ । मधेशीहरुको जनसंख्या ५० प्रतिशतभन्दा बढी भए पनि अधिकार र कुर्सी भने ५० प्रतिशत प्राप्त नभएको अवस्था छ ।

कतिपय पहाडे पालिकाको जनसंख्या मात्र ५००० छ तर पनि उसलाई गाँउपालिका र नगरपालिका घोषित गरिएको छ । मधेशको गाँउ र नगरको जनसंख्या ४०,००० देखि ५०,००० हजार हुन्छ तर पनि गाउँपालिका र नगरपालिका नै छ र बजेट पहाडमा ५००० को जनसंख्या भएको सरह नै निर्धारण गरिन्छ । प्रत्येक पाइलामा मधेशले असमानता व्यहोर्नु परेको छ । आज संघीयताको आडमा मधेशलाई टुक्र-टुक्रा पारेका छन् । मधेशका केही भागलाई कुन प्रदेशमा मिलाइएको छ भन्ने केही भागलाई कुन प्रदेशमा गाँभिएको छ । भोलीको दिनमा समग्र मधेश स्थापित भए हामीहरुसँग अधिकार मात्र हुने होइन, "बार्गेनिङ्ग पावर" पनि बढ्नेछ ।

अर्कोतर्फ मधेशीलाई भारतसँग जोडिन्छ । आज पनि लाखौं मधेशीहरु नागरिकताबाट वन्चित छन् । उनीहरुलाई अझै नेपाली ठानिएको छैन । बरु उनीहरु भारतीय कहलिएछन् र भारतीय बिहारीको नामबाट अपहेलित भएका छन् । अस्ति नै काठमाडौंको कीर्तिपुर क्रिकेट ग्राउण्डमा मधेशीहरुसँग गरिएको व्यवहार सर्वविदित नै छ । भोलिका दिनमा समग्र मधेश एकै ठाउँमा भए यस्ता सम्स्याहरुबाट पनि निदान पाउन बेर लाग्ने छैन ।

आर्थिक असमानताको पनि शिकार बनाइएको छ मधेश प्रदेशलाई । मधेशको दुई चार जिल्लामा मात्र औद्योगिक विकास भएको छ भने पहाडको जिल्लाहरुलाई औद्योगिक केन्द्र बनाइँदै छ । सुगम र उब्जाउ भूमि भएको मधेशमा औद्योगिक क्षेत्रको विकास नगरिनुको पछाडि पनि शासक वर्गको नश्लीय मानसिकता हो । यदि मधेश अखण्ड रुपमा रहे




भोलिका दिनमा आर्थिक सम्पन्ताबाट पनि लाभान्वित हुन बेर छैन ।

मधेशलाई टुक्रा-टुक्रामा विभाजित गरी जसरी अहिले शासकवर्गले मधेशी दललाई तोडी-फोडि रहेको छ आफ्नो स्वार्थका लागि त्यो शिलशिला भोलिको दिनमा पनि कायमै रहनेछ । साथै शासक वर्गले मधेश र मधेशी दललाई तोड्ने मात्र होइन मधेश प्रदेशलाई पनि कमजोर बनाई दिनेछ र मधेशमा "डिभाईड एन्ड रुल" गर्नेछ । यो अति गम्भीर कुरा मधेशका अगुवा र नेताहरुले बुझ्नै पर्ने हो ।

आजको दिनमा नेपाल सरकार त्रशित मुद्रामा छ कि कहीं मधेशले समग्र मधेश पाए भने आफ्नो टाउको दुखाइको विषय बन्ने हो कि ? तर उसले यो बुझ्नु आवश्यक छ कि समग्र मधेश दिँदैमा राष्ट्र कमजोर हुँदैन बरु समग्रता नदिएमा राज्य विखण्डनको शिकार हुने हो ।

समग्रताबाट वञ्चित समुदाय राज्यप्रति त्यति उत्तरदायी नहुन पनि सक्छ वैश्विक परिवेशमा । तर, नेपालको हकमा यो शब्द लागु हुँदैन । विगतदेखि वर्तमानसम्म मधेशी समुदाय उपेक्षित भए पनि आफूलाई नेपाली नै भनेका छन् ।

हो, मधेशीहरु पहिला मधेशी हुन् त्यसपछि नेपाली हुन् । किनभने कुनै पनि सन्तान पहिला आमाको हुन्छ अनि मात्र देशको । त्यसैले मधेशीले यदि आफूलाई पहिला मधेशी अनि मात्र नेपाली भन्छ भने त्यसमा केही गलत छैन । आखिर मधेश पनि त नेपालकै अभिन्न हिस्सा हो र समग्र मधेश पनि नेपालकै हिस्सा रहने हो ।

समग्र मधेश एक प्रदेशको आज पनि कुनै विकल्प छैन । मधेशका मैथिली, भोजपुरी, मुसलमान, थारु र अवधी समुदाय एक समानले शासकवर्गद्वारा शोषित छन् । मधेशमा कोही मैथिल त कोहि भोजपुरी भएर उ शोषित भएको होइन, बरु मधेशी भएर शोषित भएका हुन् । उनीहरु आफूलाई सदैव मधेशी नै भने र त्यहीं पहिचानले उनीहरुलाई शोषित बनायो । मिथिला र भोजपुरीको पृथक इतिहास हुँदा पनि फरक तरिकाले राज्यले उनीहरुसँग व्यवहार गरेन । मधेशी भनेपछि सबै "भारतीय" वा "बिग्रेको बिहारी" भन्ने जस्ता अपहेलित वाक्यांशबाट तमाम मधेशी समुदाय शिकार भएकै हो ।

यी तमाम समस्याहरु विरुद्ध मधेशी समुदाय एक भएर विगत ७५ वर्षदेखि लड्दै आएका छन् । अमर शहीद रघुनाथ ठाकुर, वेदानन्द झा, गजेन्द्र नारायण सिंह लगायतका वीर सपूतहरुले एकै किसिमले मधेशको आवाज विगतमा बुलन्द गरेका थिए । मधेश आन्दोलन यसको जिँउदो उदाहरण हो । गजेन्द्र नारायण सिंह र रघुनाथ ठाकुरकै आवाजहरु मधेश आन्दोलनमा मुखरित भएका थिए । मधेश आन्दोलन पश्चात् नै नेपाल सरकारलाई मधेशको शक्ति र सीमाबारे महसुस भयो ।

नेपालको भौगोलिक संरचनालाई पनि केलाउने हो भने आज पनि नेपालमा तीन प्रदेश मात्र सम्भव देखिन्छन्: हिमाल, पहाड र मधेश । मधेशलाई यदि मजबुत बनाउने हो भने उसलाई तोडिएको मधेश होइन, जोडिएको समग्र मधेश दिनु पर्छ । तत्पश्चात मात्र देश र मधेशको विकास सम्भव हुन्छ । जय हो ।

# शंकराचार्यलाई देवडिहा आगमनका लागि निमन्त्रणा

जनकपुरधाम । नेपाल-भारत खुला सीमा संवाद समूहको आयोजनामा 'धर्म, अध्यात्म र राष्ट्र' विषयक एक विशेष विचार गोष्ठी देवडिहामा सम्पन्न भएको छ ।

उक्त कार्यक्रमको केन्द्रबिन्दू पुरी शंकराचार्यका कृपापात्र शिष्य प्रेमचन्द्र झाको उपस्थितिसँगै शंकराचार्यजीको आगामी देवडिहा आगमन रहेको थियो । गोष्ठीको अध्यक्षता देवचन्द्र झाले गरेका थिए । उनले आफ्नो मन्तव्यमा भगवान शंकराचार्यजीलाई यथाशीघ्र देवडिहा आगमनको लागि औपचारिक निमन्त्रणा समेत गरे ।



कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ अधिवक्ता (कलकत्ता हाईकोर्ट) तथा पुरी शंकराचार्यका कृपापात्र शिष्य प्रेमचन्द्र झा थिए । उनले धर्म, अध्यात्म र राष्ट्रबोधको विषयमा गहन विचार प्रस्तुत गरेका थिए ।

विशेष अतिथिका रुपमा नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा.राजीव झा, वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. आर.एन. झा, बुद्धिजीवी राजकुमार झा, मना जी, इन्द्रेश झा, कृष्ण कुमार साह, सुदीप महतो, ईश्वर कापर, सुभाष झा लगायत उपस्थित थिए ।

समूहका अध्यक्ष राजीव झाले नेपाल-भारत खुला सिमाबाट हुने लाभ र सांस्कृतिक सम्बन्धमाथि प्रकाश पार्दै खुला सीमालाई पूर्णरुपले खुला नै गर्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रमले धर्म, अध्यात्म र राष्ट्रप्रेमबीचको सम्बन्ध र नेपाल-भारतको सांस्कृतिक एकतालाई अझ मजबुत बनाउने सन्देश दिएको आयोजकले जनाएको छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# अहिले नेपालमा स्वतन्त्र न्यायपालिका गम्भीर संकट र जटिलतामा छ

प्रधानन्यायाधीशले पनि संसदीय सुनुवाइको चरण पार गनुपर्ने हुन्छ । प्रधानन्यायाधीशको लाइनमा बसेको न्यायाधीश त पछि अस्वीकृत भइन्छ कि भनेर नेताहरूलाई चिढाउनै चाहँदैनन् । न्यायाधीशलाई त्रासमा राखेर कसरी न्यायपालिका स्वतन्त्र हुन सक्छ ? यसको एक उदाहरण ५२ संवैधानिक निकायमा गरिएको नियुक्ति हो । उनीहरूले ६ वर्षे कार्यकालमध्ये चार वर्ष पार गरिसक्दा पनि फैसला हुन सकेको छैन ।



**दिनेश त्रिपाठी**
**वरिष्ठ अधिवक्ता**

**० न्यायाधीश नियुक्तिको जुन प्रक्रिया छ, यसलाई तपाईं कसरी लिनुहुन्छ ?**

– न्याय परिषद् नेपालको संविधानले गरेको अभिनव परिकल्पना हो । भारतमा वरिष्ठतम न्यायाधीशले न्यायाधीश नियुक्ति गर्छन् । त्यो कुनै संवैधानिक व्यवस्था भने होइन । सोही किसिमको अभ्यास हुँदै गयो र अहिले अदालतको फैसलाले पनि त्यसलाई मान्यता दियो ।

नेपालमा गरिएको न्याय परिषद्को परिकल्पना आफैमा ठिक हो । तर न्याय परिषद्को जुन संरचना छ, त्यो दोषपूर्ण छ । स्वतन्त्र न्यायपालिकाको लागि त्यो घातक छ । यस्तो संरचनाका कारण न्यायाधीश नियुक्ति अत्यधिक राजनीतीकरणको सिकार हुन पुगेको छ । हाम्रो अनुभव पनि त्यही हो ।

न्यायपरिषद्मा प्रधानन्यायाधीश र वरिष्ठतम न्यायाधीश हुनु ठिक छ । दुई जना न्यायपालिका पृष्ठभूमिका भए । तर तीन जना बाहिरका भए । कानुनमन्त्री आफैँमा सरकारको प्रतिनिधि हो । कानुनमन्त्री हुँदाहुँदै फेरि प्रधानमन्त्रीको मनोनयनमा परिषद्मा राखियो । कानुनमन्त्रीले प्रधानमन्त्री वा सरकारको प्रतिनिधित्व नगर्ने हो र ? यस्तो किन गरियो भन्दा न्यायपालिकालाई सरकारले हस्तक्षेप गरिरहन चाह्यो ।

र, नेपाल बार एसोसिएसनको प्रतिनिधि पनि परिषद्मा राखियो । बार कुनै पार्टीको टिकटका आधारमा निर्वाचित हुने थलो हो । त्यहाँ कुनै स्वतन्त्र र पेसागत तथा क्षमतावान् व्यक्तिले चुनाव जित्दैन । त्यहाँबाट शीर्ष नेतृत्वसँग नाभी जोडिएको मान्छे नेतृत्वमा आउँछ । यी तीन सदस्य न्यायपालिकाभन्दा बाहिरबाट हुने बित्तिकै न्यायाधीश नियुक्तिको प्रक्रियामा राजनीति हाबी हुन्छ । अहिले भइरहेको त्यही हो ।

न्यायाधीश हुन उच्च नैतिक चरित्र भएको र सक्षम व्यक्ति चाहिन्छ । यहाँ असक्षम र निम्न योग्यता भएका व्यक्ति न्यायाधीश हुन थाले ।

**० भनेपछि न्यायपालिका स्वतन्त्र छैन ?**

– पार्टी कार्यालयबाट सीधै सूची पठाएर न्यायाधीश नियुक्त गरेका उदाहरण हामीले देखिरहेकै छौं । नियुक्त न्यायाधीशहरू पार्टी कार्यालय पुगेर कृतज्ञता व्यक्त गरेको अशोभनीय दृश्य पनि कहीँ लुकेछिपेको कुरा होइन ।

न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षताको मुख्य बिन्दु न्यायाधीश नियुक्तिको प्रक्रिया हो । नियुक्तिको प्रक्रिया नै दूषित छ भने न्यायपालिका स्वतन्त्र हुन सक्दैन । एउटा विषालु वृक्षमा अमृत फल्दैन । त्यसको फल पनि विषालु हुन्छ । नियुक्तिको पक्रिया नै राजनीतीकरण र न्यायाधीश नियुक्ति नै भागबन्डामा हुन थाले । यसमा प्रधानन्यायाधीशहरूले पनि कुनै अडान लिन सकेको देखिन्न । प्रधानन्यायाधीशले राम्रो नेतृत्व दिनेभन्दा आफ्ना आसेपासेलाई नियुक्त गर्ने वा नेतालाई प्रसन्न गर्न आएको सूचीलाई स्वीकृत गर्ने गरेको देखियो । न्यायपालिका गम्भीर संकटमा छ । अहिलेको परिस्थितिमा एउटा योग्य, सक्षम, इमानदार, स्वतन्त्र, क्षमतावान् मान्छे न्यायाधीश भएर जाने अवस्था नै छैन ।

न्यायाधीश हुन उच्च नैतिक चरित्र भएको र सक्षम व्यक्ति चाहिन्छ । यहाँ असक्षम र निम्न योग्यता भएका व्यक्ति न्यायाधीश हुन थाले । जसकारण न्यायपालिका स्वच्छ र विश्वसनीय हुन सकेन । राजनीतीकरण त भयो नै, लेनदेनका आधारमा न्यायाधीश नियुक्ति हुन थाले भन्ने पनि आइरहेका छन् । यसलाई जति इन्कार गरे पनि होइन भन्ने स्थिति छैन । किनभने, धुवाँ छ भने, त्यहाँ पक्कै आगो पनि हुनुपर्छ । तर्कशास्त्रको एक आधारभूत सिद्धान्तले नै आगो नभई धुवाँ हुँदैन भन्छ ।

**० न्यायपालिका शुद्धीकरणका लागि संविधान संशोधन आवश्यक छ ? छ भने के–के परिवर्तन गर्नुपर्छ ?**

– संविधान संशोधन गर्दा पहिलो एजेन्डा नै न्याय परिषद्को संरचना बदल्ने हुनुपर्छ । न्यायिक नियुक्ति प्रक्रिया हाबी हुन नदिन अन्य ऐनहरूमा पनि व्यापक सुधार गरिनुपर्छ । गोजीबाट नाम निकालेर न्यायाधीश नियुक्त गर्ने परिपाटीले न्याय क्षेत्रमा धेरै ठुलो हानि पुऱ्याएको छ ।

**० वकालत क्षेत्रमा तपाईंको लामो अनुभवले न्यायपालिकामा के–के विकृति देखायो त ?**

– २०४७ सालको संविधानपश्चात् पनि जसरी न्यायाधीश नियुक्ति हुन्थ्यो, त्यो पनि विवादरहित हुन सकेको देखिन्थेन । त्यसमा पनि नातागोता, कमसल, राजनीतिक दलले पृष्ठढोकाबाट पठाइएकाहरू नियुक्त भए । पछिल्ला दिन त्यो झन् घनीभूत हुँदै गयो । त्यसवेला राजनीतिक कार्यकर्ता र नातागोताका आधारमा न्यायाधीश बन्थे भने अहिले नातागोता र कार्यकर्तासँगै लेनदेन पनि थपियो । यो घातक छ । जुन स्पष्ट रुपमा सञ्चारमाध्यममा पटक-पटक बाहिर आइरहेका कुरा हुन् । यस्तो आरोप लागिरहँदा कारबाही पनि हुँदैन, सम्बन्धित क्षेत्रबाट खण्डन पनि आउँदैन । यो स्वीकारोक्ति नभए के हो त ? कुनै पनि नियुक्ति विवादरहित हुन सकिरहेको छैन । यसले न्यायपालिकाको छवि धुमिल हुँदै विश्वसनीयता खतरामा परेको छ ।

**० न्यायाधीश नियुक्तिका लागि राज्यको स्वतन्त्र अंग न्याय परिषद् हुँदाहुँदै सर्वोच्चको न्यायाधीशका लागि संसदीय सुनुवाइ पनि अनिवार्य गरिएको छ । यो आवश्यक छ कि छैन ?**

– संसदीय लोकतन्त्रमा संसारको कुनै पनि देशमा संसदीय सुनुवाइको प्रचलन छैन । अमेरिकामा छ, तर त्यहाँ सिनेटले सुनुवाइ गर्छ । सिनेटले सुनुवाइ गर्दा त्यहाँ न्याय परिषद्जस्तो कुनै अंग छैन । त्यहाँ राष्ट्रपतिले न्यायाधीशका लागि पिकअप गर्छ, सिनेटले आफ्नो विवेकमा सुनुवाइ गर्छ । राष्ट्रपतिलाई न्यायाधीश सिफारिसको अधिकार भए पनि स्वेच्छाचारी ढंगले नियुक्ति नहोस् भनेर 'चेक एन्ड ब्यालेन्स' प्रणालीबाट सिनेटको व्यवस्था गरियो । सिनेटले अस्वीकृत गरिदिन सक्ने भयो । त्यहाँ सिनेटले सरकार बनाउँदैन । तर यहाँ सांसदहरू सरकारमा जान्छन् र उनीहरू नै सुनुवाइ पनि गर्छन् । यसले हरेक न्यायाधीश हुने व्यक्ति हरेक सांसदको घर जानुपर्ने अवस्था भयो । यसले न्यायपालिकाको व्यापक मानमर्दन भयो ।

हाम्रोमा न्याय परिषद्ले सिफारिस गर्छ । यसरी सिफारिस गर्दा परिषद्ले आफ्नै संयन्त्र बनाउनुपर्छ । बरु सर्वसाधारणमा उजुरीका लागि आह्वान गर्ने हो कि ? आन्तरिक उजुरी माग गर्नुपर्ने हो कि ? त्यो न्याय परिषद्ले नै गर्नुपर्छ । संसद्को सुनुवाइ समितिले होइन । उजुरी आह्वान कर्मकाण्डका रूपमा होइन । अहिले परिषद्ले सिफारिस गरिसकेपछि संसदीय सुनुवाइ अनिवार्य गरिएको छ । यो पनि कर्मकाण्डका रूपमा हुने गरेको छ । त्यसको कुनै अर्थ छैन । यहाँ भ्रष्टाचारको स्पष्ट प्रमाण दिए पनि न्यायाधीश नियुक्ति हुन्छ । दलका सदस्यको टाउको गनिन्छ । भागबन्डा छ । तेरो मान्छेलाई म पास गरिदिन्छु, मेरोलाई तँ गरिदे भनेर सत्ता र प्रतिपक्षबिच नै पनि भागबन्डा हुन्छ । भागबन्डा मिलेसम्म त्यहाँ कसैको नाम अस्वीकृत हुँदैन । तर संविधान र कानुन मात्रै फेरेर हुँदैन । हाम्रो जुन न्यायिक संस्कार छ, त्यसलाई पनि बदल्न आवश्यक छ । संस्कार एउटा अभ्यासले आउने हो । यसका लागि न्यायपालिकाको नेतृत्व दूरदर्शी र नेतृत्व गर्नलायक हुनुपर्छ । नेतृत्व नै दूरदर्शी भएन भने कानुन फेरबदलले मात्रै केही हुँदैन ।

प्रधानन्यायाधीशले आफ्नो अडान पनि लिन सक्नुपर्छ । कानुनमन्त्री, वरिष्ठ न्यायाधीश र बारको प्रतिनिधिले आ-आफ्ना नाम लिएर बसेको वेला योग्यता र क्षमताका आधारमा न्यायाधीश नियुक्ति गर्न अडान लिनुपर्नेमा आफ्ना मान्छे पनि घुसाउन अडान लिन सकेको देखिन्न । न्याय परिषद्मा योग्यता र क्षमतामाथि छलफल हुन्छ भन्ने मलाई लाग्दैन, त्यहाँ केवल भागबन्डा हुन्छ । मिले तिम्रो पनि मान्छे हुन्छ, मेरो पनि, यति यति सिट बाँडौं भन्ने हुन्छ ।

अर्को भनेको, न्यायाधीश नियुक्ति प्रक्रिया आफैँमा हास्यास्पद छ । न्यायमूर्तिका लागि खरिदार र सुब्बाजस्तो दरखास्त आह्वान गर्दा कुनै पनि आत्मसम्मान भएको र जसले राम्रो पेसा गरिरहेको छु भन्ने ठानेको छ भने ऊ जाँदैन । यस्तो पदमा अनुरोध गरेर क्षमतावान् उच्च नैतिक चरित्र भएको व्यक्तिलाई लिनुपर्छ । भारतमा कानुनको क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिलाई प्रधानन्यायाधीशले न्यायाधीश बनिदिन आग्रह गर्छ । यहाँ त चाकडी र लेनदेनको आधारमा बिचौलियाहरूले न्यायाधीश नियुक्त गर्न थाले । कति त वकिलको कोटाबाट यस्ता व्यक्ति पनि न्यायाधीश भए, जसले एकपटक पनि वकालत गरेको छैन । जसलाई वकालतनामा भर्न पनि आउँदैन ।

**० संसदीय सुनुवाइको व्यवस्थाका कारण न्यायपालिकामा देखिएको असर के हो ?**

– यसको प्रत्यक्ष प्रभाव परिरहेको छ । कुनै पनि न्यायाधीशले उच्च पदस्थ र राजनीतिक रूपमा जोडिएका व्यक्तिको मुद्दा परिहाले फैसला नै गर्दैन । उसले पन्छाउँछ । किनभने उसको टाउकोमा लोकतन्त्रको तरबार झुण्डिएको छ, त्यो तरबार आफैँमाथि पर्न सक्छ भन्ने त्रास न्यायाधीशलाई छ ।

त्यो त्रासका बिच उसले न्याय सम्पादन गर्नु परिरहेको छ । संसदीय सुनुवाइको प्रक्रिया पूरा गर्नुपर्ने हुँदा शक्तिशाली राजनीतिज्ञको मुद्दामा फैसला गर्न डराउँछ । त्यसकारण चाहे त्यो भ्रष्टाचारको होस् वा अन्य कुनै नेताहरू जोडिएको मुद्दा वर्षौंवर्ष फैसला नै हुँदैन । प्रधानन्यायाधीशले पनि संसदीय सुनुवाइको चरण पार गनुपर्ने हुन्छ । प्रधानन्यायाधीशको लाइनमा बसेको न्यायाधीश त पछि अस्वीकृत भइन्छ कि भनेर नेताहरूलाई चिढाउनै चाहँदैनन् । न्यायाधीशलाई त्रासमा राखेर कसरी न्यायपालिका स्वतन्त्र हुन सक्छ ? यसको एक उदाहरण ५२ संवैधानिक निकायमा गरिएको नियुक्ति हो । उनीहरूले ६ वर्षे कार्यकालमध्ये चार वर्ष पार गरिसक्दा पनि फैसला हुन सकेको छैन ।

**० संवैधानिक परिषद प्रधानन्यायाधीशको अधिकार क्षेत्र घटाउनुपर्छ भन्ने बहस पनि चलिरहेको छ नि ?**

– प्रधानन्यायाधीशलाई संवैधानिक परिषद्को सदस्य बनाइएको छ । अहिले ५२ भाइको मुद्दा सुनुवाइ भइरहेको छ, त्यो लामो समयसम्म किन सुनुवाइ भएन भन्दा त्यसबेला चालेन्द्र शम्शेर जबरा प्रधानन्यायाधीश हुनुहुन्थ्यो । उहाँले आफ्नो मान्छे पनि घुसाउनुभएको थियो । उहाँ नियुक्तिको प्रक्रियामा सहभागी भएकाले त्यो मुद्दा सुन्न मिल्ने कि नमिल्ने भन्ने प्रश्न उठ्यो । त्यो मुद्दा संवैधानिक इजलासमा गयो । संवैधानिक इजलासको अध्यक्ष प्रधानन्यायाधीश हुन्छ । यो पनि एउटा जटिलता छ । प्रधानन्यायाधीशले नियुक्ति गर्ने, त्यही मुद्दा अदालतमा आउँदा न्याय प्रभावित हुन्छ । अन्य सामान्य इजलासमा सुनुवाइ हुने भयो भने पनि त्यहाँ प्रधानन्यायाधीशले प्रभाव पार्ने र प्रधानन्यायाधीशबाट न्यायाधीशहरू प्रभावित नहुने हुँदैन । यसकारण न्याय गरेर मात्रै हुँदैन, देखिनुपर्छ भन्ने सिद्धान्त छ । यस प्रक्रियाबाट त्यो सिद्धान्तले मूर्तरूप लिन सक्दैन ।

नियुक्तिको प्रक्रिया कार्यपालिकीय भूमिका हो, त्यो न्यायिक भूमिका होइन । न्यायिक भूमिका खेल्नुपर्ने मान्छेलाई कार्यपालिकीय भूमिकामा राख्दा त्यसले धेरै ठुलो क्षति गर्छ । त्यसैले प्रधानन्यायाधीशलाई न्यायाधीश नियुक्तिबाहेक अन्य नियुक्तिको अधिकार दिइनु हुँदैन ।

**० अन्त्यमा ?**

– अहिले नेपालमा स्वतन्त्र न्यायपालिका गम्भीर संकट र जटिलतामा छ । आम मानिसहरूको न्यायपालिकाप्रतिको विश्वास गुम्दै गएको छ । मान्छेहरू सेटिङमा न्याय हुन्छ भनिरहेको हामीहरूले सुनिरहेकै छौं । त्यो सुन्दा कानलाई सहज हुँदैन, तर कटु यथार्थ यही हो । यो किसिमको जटिल अवस्थालाई सुधार्न समष्टिगत सुधारको आवश्यक छ । –सेतोपाटीबाट साभार

# जनमतका कोषाध्यक्ष गिरफ्तारीप्रति आपत्ति जनाउँदै षड्यन्त्रको निष्पक्ष छानबिन गर्न माग

काठमाडौं । जनमत पार्टीका निलम्बित उपाध्यक्ष ई.दीपक कुमार साहले निलम्बित कोषाध्यक्ष ई. सुरेन्द्र नारायण यादवको गिरफ्तारीप्रति आपत्ति तथा पार्टी नेतृत्वमा देखिएको वित्तीय अनियमितता, शक्ति दुरुपयोग र षड्यन्त्रको निष्पक्ष छानबिन गर्न माग गरेका छन् ।

ई.साहले सोमबार एक विज्ञप्ति जारी गरी ई. यादवको हालै भएको गिरफ्तारीप्रति गम्भीर चिन्ता र गहिरो खेद व्यक्त गरेका छन् ।

'मधेशको राजनीतिक आन्दोलन र जनमत पार्टीको निर्माणमा उहाँको समर्पण, योगदान र इमानदारिता ऐतिहासिक छ । यस सन्दर्भमा केही यथार्थपरक पक्षहरू जनमानससमक्ष स्पष्ट गर्न आवश्यक ठान्दछु ।'



जनमत पार्टीका निलम्बित उपाध्यक्ष ई.दीपक कुमार साह

ई.सुरेन्द्र यादवविरुद्ध यसरी भयो षड्यन्त्र:

१. जनकपुरको घर निर्माण: मधेश आश्रम निर्माणका लागि पार्टी अध्यक्ष डा. सी. के. राउतको सचिवालयबाट आह्वान गरिएको आर्थिक सहयोगको प्रतिक्रिया शून्य रहँदा ई. सुरेन्द्र यादव र बंसन्त कुशवाहाले व्यक्तिगत खर्चमा उक्त घर निर्माण गर्नुभयो। म स्वयं पनि जग्गा किन्ने देखि निर्माण सम्म प्रत्यक्ष संलग्न थिएँ।

२. कतारमा संगठन निर्माण: स्वतन्त्र मधेश गठबन्धनको समयमा व्यक्तिगत सवारी साधन र पेशागत अवसर त्याग्दै उहाँले कतारमा सबैभन्दा ठूलो संगठन निर्माण गर्नुभयो। डा. राउतप्रति पूर्ण निष्ठा राख्दै उहाँले आलोचना हुँदा पनि अडिग भएर साथ दिनुभयो।

३. संसदीय टिकट विवाद: पार्टी निर्माणमा जीवनको अति महत्वपूर्ण समय समर्पण गरेका सुरेन्द्र यादवलाई सप्तरी संसदिय क्षेत्र नं.१ बाट टिकट नदिइ उल्टो संगठनमा खास योगदान नदिएका आफ्नै दाजुलाई उम्मेदवार बनाइनु वातावरण विग्रिने प्रमुख कारण बन्यो।

४. समानुपातिक सूचिमा आर्थिक माग: करोडौं खर्चेर जनकपुरमा निर्माण गरिएको घरपछि पनि समानुपातिक सूचीमा समावेश गराउन उहाँ सँग रु. ५० लाख मागिनु अत्यन्तै दु:खद र अपारदर्शी व्यवहार हो।

५. घर-जग्गा खरिदमा अनियमितता: "मधेश लोट चले" भन्ने नारा दिँदै सांसद बनेपछि इमाडोलमा भव्य घर र पार्किङ्गको लागि छुट्टै जग्गा खरिद गर्नुमा भ्रष्टाचारको गम्भीर आशंका छ। सत्यतथ्यको निष्पक्ष छानबिन अपरिहार्य छ।

६. महादेवामा पार्टीको नाममा बनाइएको घर: पार्टीको नाममा संकलन गरिएको रकमबाट सप्तरी, महादेवामा निर्माण गरिएको पक्की घरको स्रोत र उपयोगबारे छानबिन आवश्यक छ।

७. साईकल काण्ड र गाडी खरिद: मधेश प्रदेशका चर्चित साईकल काण्डमा संलग्न पात्रको नाममा गाडी खरिद हुनु जनता र आन्दोलनप्रति विश्वासघात हो।

८. कोषाध्यक्षको खातामार्फत नचलिएको आर्थिक कारोबार: पार्टी कोषाध्यक्षको नाममा कुनै पनि बैंक खाता नखोली अवैध रुपमा आर्थिक कारोबार हुनु गम्भीर प्रश्नको विषय हो।

९. उपत्यकामा कार्यालयको अभाव: काठमाडौंमा पार्टी कार्यालयको लागी घर नपाउँदा डा. राउतको हठका कारण पुरानो होटल भाडामा लिइ कोटेश्वर स्थित प्रवासी होटल प्रा. कम्पनि अन्तर्गत खोलिएको थियो, जहाँ नेता, कार्यकर्ता, पीए र चालकहरू बसोबास गर्ने गर्दथे। चुनावको समयमा उपत्यकालागी अधिकांश गतिबिधि त्यो ठाउँ बाट भएको थियो।

१०. आर्थिक सहयोगको दुरुपयोग: राम नारायण साह, सत्य नारायण खाँग, पञ्चनन्द माझी, अनिता साह, श्रिषिकेष ठाकुर, प्रमोद ईसर लगायतका व्यक्तिहरूको नाममा आर्थिक सहयोग संकलन गरी निजी प्रयोजनमा खर्च गरिएको छ, जुन पूर्ण रूपमा गैरकानुनी हो।

उपरोक्त समस्त घटनाक्रमले प्रष्ट संकेत गर्दछ कि ई. सुरेन्द्र नारायण यादवको गिरफ्तारी योजनाबद्ध षड्यन्त्रको हिस्सा हो। यस घटनाको निष्पक्ष, स्वतन्त्र र विश्वसनीय छानबिन हुनु अत्यावश्यक छ। साथै, पार्टी नेतृत्वमा पारदर्शिता, जवाफदेहिता र आन्तरिक लोकतन्त्रको प्रत्याभूति अनिवार्य छ भन्नेमा म जोड दिन चाहन्छु।

## एसएमएल इसुजुको आधिकारिक बिक्रेताको रूपमा लक्ष्मी ग्रुप नियुक्त

**काठमाडौं ।** एस एम एल इसुजुले नेपालका लागि एक मात्र आधिकारिक बिक्रेताको रुपमा लक्ष्मी ग्रुपलाई नियुक्त गरेको छ । जापानी प्रविधिमा आधारीत तथा भारतमा निर्मित एस एम एल इसुजुले बस तथा ट्रकहरु निर्माण गर्दै आएको छ । नेपाली भु-बनोट तथा बजारमा लोकप्रिय तथा प्रभावकारी मानिने एस एम एल इसुजुका सवारी साधानहरु विगत लामो समयदेखि लोकप्रिय रहँदै आएको छ ।

एस एम एल इसुजुको आधिकारिक बिक्रेता भएसँगै लक्ष्मी कमर्सियल भेहिकल्सले आक्रमक बजार विस्तार तथा सुदृढीकरण लागी सदैव तत्पर रहने जनाएको छ । लक्ष्मी ग्रुपअन्तर्गतको लक्ष्मी कमर्सियल भेहिकल्सले विगत सात वर्षदेखि एस एम एल इसुजुका सवारी साधान बिक्री गर्दै आएको तथा हाल नेपालमा सातै प्रदेशमा सेल्स तथा सर्भिस सञ्जाल रहेको तथा आगामी दिनमा अंझै विस्तार गर्दै लैजाने यस कम्पनीका सेल्स हेड सञ्जय खड्काले बताए ।

खड्काले लक्ष्मी कमर्सियल भेहिकल्सले ग्राहकको सहजताको लागी देशैभर स्पेयर पार्टसको उपलब्धता सुनिश्चित गरिने प्रतिबद्धता जनाएका छन् । '


हार्दिक शुभकामना

**मधेशवाणी साप्ताहिक** २१औं वर्ष प्रवेश गरेकोमा **मधेशवाणी** परिवारलाई र २०८२ नव वर्षको अवसरमा सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**योगेन्द्र राय यादव**
**केन्द्रीय सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**



हार्दिक शुभकामना

**मधेशवाणी साप्ताहिक** २१औं वर्ष प्रवेश गरेकोमा **मधेशवाणी** परिवारलाई र २०८२ नव वर्षको अवसरमा सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**सुनिता साह क्रान्ति**
**अध्यक्ष**
**तराई-मधेश महिला फाउण्डेशन**



हार्दिक शुभकामना

**मधेशवाणी साप्ताहिक** २१औं वर्ष प्रवेश गरेकोमा **मधेशवाणी** परिवारलाई र २०८२ नव वर्षको अवसरमा सम्पूर्ण नेपालीजनमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**संजय यादव**
**मधेशवादी युवा नेता**

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
**महोत्तरी, मधेश प्रदेश**



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
